पूर्व सूचना अनुसार आज मिति २०८१/४/१० गतेका दिन यस दुहवी गा.पा. अन्तर्गत ककहरी ३०६ दुर्गाको प्राङ्गणमा आ.व. ०८१/०८२ को गाउँ सभाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री राजेश प्रसाद यादव ज्यूको अध्यक्षता रहेको बैठकमा तपसिल बमोजिमका पदाधिकारी, विभिन्न राजनैतिक दलका दल प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी नागरिक समाज, संघ संस्थाका प्रतिनिधिहरू [illegible] को उपस्थिति रहेको।

## उपस्थिति

राजेश · गा.पा. अध्यक्ष - श्री राजेश प्रसाद यादव

प्रमुख अतिथी - पूर्व माननीय श्री राधेचन्द्र यादव

विशिष्ट अतिथी - पूर्व माननीय श्री रामअशोक यादव

विशिष्ट अतिथी - प्रदेश सभा सदस्य श्री रामप्रवेश [illegible]

विशिष्ट अतिथी - श्री धर्मवीर प्र. यादव

पुनम - गा.पा. उपाध्यक्ष - श्री पुनम कुमारी

रामदेव्या - १ नं. वडा अध्यक्ष - श्री रामदेव्या [illegible]

२ नं. " - श्री रंजित प्रसाद यादव

३ नं. " - श्री राम ज्ञानी प्रसाद

४ नं. " - श्री झकड प्रसाद यादव

रामरक्षवाल साह - ५ नं. " - श्री रामरक्षवाल साह कलवार

६ नं. " - श्री गिरधारी हलवाई

6 नं. वार्ड अध्यक्ष - श्री जितेन्द्र प्रसाद यादव

8 नं. ,, — श्री शकुन्तला मिश्रा कुमारी

प्रमुख प्रसारक/कोषा० - श्री नवीन कुमार श्रीवास्तव

कार्यकारिणी सदस्य — श्री सत्यनारायण ठाकुर

,, — श्री विजय कुमार सिंह

9 वार्ड सदस्य — श्री नगीना प्रसाद यादव

,, — श्री नारायण महतो धानो

,, — श्री शम्भु देवी राम

,, — श्री किरणमतिया देवी

2 नं. वार्ड — श्री उर्मिला कुमारी देवी

,, — श्री करीना देवी यादव

,, — श्री तेतरी देवी

,, — श्री शान्ती देवी पासवान

विद्यापति - 3 नं. वार्ड सदस्य - श्री बृहस्पति देवी

,, — श्री निर्मला देवी यादव

,, — श्री रामलखन सहनी

,, — श्री विनोद गिरी

4 नं. ,, — श्री लक्ष्मी देवी यादव

,, — श्री आशा मती देवी दास

जयमंगल प्र. 4 नं कमालचक - श्री जयमंगल प्रसाद यादव

॥ - श्री कुन्ती देवी प्रसाद यादव

फुलवा 5 नं छपरा - श्री फुलवा देवी

जानकी - श्री जानकी देवी

इस्लाम ॥ - श्री शेख इस्लाम

॥ - श्री गणपत मिया [illegible]

ममता 6 नं पकड़ी - श्री जितेन्द्र प्र० यादव

॥ - श्री देवरतिया देवी

॥ - श्री शेख नूरे आलम

घतिजा ॥ - श्री घतिजा देवी [illegible]

6 नं कड़ारा - श्री ममता मिया [illegible]

भरतशर्मा ॥ - श्री भरत शर्मा

॥ - श्री [illegible] देवी

॥ - श्री [illegible] देवी

8 नं कड़ा [illegible] - श्री मोहम्मद जाहिद मियां

॥ - श्री जालील मियां कुरैशी

लालबाबू ॥ - श्री लाल बाबू देवी प्रसाद

प्रमिला ॥ - श्री प्रमिला देवी [illegible]

अखिलेश ॥ - श्री अमर देव प्रसाद

श्री देवेन्द्र गिरी

श्री रूपनारायण प्र० यादव - पूर्व मा. विधायक

श्री विनोद प्रसाद यादव -

श्री प्रहलाद प्रसाद यादव

श्री रामलखन प्रसाद यादव - पूर्व प्र० मा. विधायक

श्री पवन कुमार यादव -

श्री उमाशंकर प्रसाद यादव .

श्री दिपलाल प्रसाद यादव

लक्ष्मीचन्द - श्री नसरुल्लाह खान

श्री कमल प्रसाद यादव

श्री सत्येन्द्र प्रसाद यादव

श्री अजय कुमार यादव .

श्री हरिश्चन्द्र मिश्रा

श्री सुशील कुमार पटेल

श्री रविन्द्र पंडित

श्री हिरदेव प्रसाद यादव

करुणा कुमार यादव

प्रशान्त कुमार यादव

राज कुमार यादव

ओम प्रकाश यादव

श्री गोविन्द सिंह यादव -

श्री मुरली नारायण यादव

श्री लालबाबू यादव

श्री मान बहादुर यादव

श्री अमित कु० यादव

श्री राजकुमार पंडित

श्री मुन्ना कु० यादव

" सुदिप मंडल

सत्यनाथ प्र० यादव

लक्ष्मण कु० यादव

नसिम आलम

गुरुप्रसाद चौधरी

अजित कुमार यादव

गुरुप्रसाद चौधरी

अभिसेख यादव

श्री गंगागोविन्द ओकाटे

श्री रामदेव राय यादव -

ओमप्रकेश शर्मा

विश्वनाथ प्र० यादव

हरेन्द्र प्रसाद यादव (नगर प्रहरी जवान)
वीरेन्द्र कुमार प्रसाद यादव " " "
उपेन्द्र कुमार यादव " " "
मुकेश प्रसाद साह " " "
राम लाल प्रसाद यादव " " "
अरविन्द कुमार राय " " "
सरोज कुमार यादव " " "
धनेश्वर प्रसाद यादव सुवर्ण गा.पा. २
सुखदेव प्रसाद यादव " " २
विजय प्रसाद यादव " " ३
नवल प्रसाद यादव " " ३
दिलीप प्रसाद यादव " " २
अशोक कुमार पटेल
कन्हैया प्र० यादव सुवर्ण गा.पा. २
जलेश्वर प्र० यादव — -
मोतिलाल प्र० यादव · सुवर्ण - १
जितेन्द्र प्र० यादव - सुवर्ण - २
संकठ चौधरी
हरिनारायण प्रसाद चौरसिया - के बरसौनी

दरोगा साह तेली कां० प्र० वडा कार्यालय

जीलाल प्रसाद यादव प्रखंड गा० म० अध्यक्ष

भीम बहादुर यादव कां० सं० वडा कार्यालय

रामप्रवेश रामप्रवेश प्र० यादव सुपरवाईजर

रघुनाथ प्र० यादव सुपरवाई - शिक्षा लर्क

राजेश प्रसाद यादव

प्र० ना० नि० कमलेश सिंह - ई० प्र० का० कवही बारा
प्र० स० नि० रामस्केल महतो - " 
— " — प्रमोद सिंह - अ० प्र० पो० परमोहना
प्र० स० ह० दिनेन्द्र सहनी - ई० प्र० का० कवही बारा
प्र० ह० राजकिशोर यादव - "
प्र० व० ह० दिनेन्द्र पासवान - अ० प्र० पो० परमोहना
प्र० ह० रामइन्द्र राउत - ई० प्र० का० कवही बारा
प्र० सि० ह० परदेशी साह कानु - "
राजू — " — राजू प्रसाद - "
प्र० प० हजारी कु० शौलिया - "
पानालाल — " — पानालाल साह - "
— " — संदिप महरा - "
प्र० का० स० रामजी सहनी - "

श्री [illegible]

श्री विक्रम प्रसाद यादव

श्री संदिप पासवान

श्री हरित यादव

श्री भोलाइ मियाँ अंसारी

सुशील पटेल (संचारकर्मी) विश्वास एम.एम. -

श्रीकान्त गुप्ता पत्रकार माईन्ड टेम

गाउँ सभाको बैठकमा उपाध्यक्ष श्रीमति पुनम कुमारी ज्यूद्धारा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम

सुवर्ण गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय कवहीगोठ
बारा जिल्ला
मधेश प्रदेश,नेपाल
१० आषाढ २०७९

CamScanner

**आदरणिय सभा अध्यक्ष महोदय,**

म यस गाउँपालिकाको उपाध्यक्ष पुनम कुमारी यस सम्मानित गाँउ सभामा उपस्थित प्रमुख अतिथि संविधान सभा सदस्य मा.राधेचन्द्र प्रसाद यादव ज्यू, विशिष्ट अतिथि संविधान सभा सदस्य मा.रामअयोध्या प्रसाद यादव ज्यू, विशिष्ट अतिथि प्रदेश सभा सदस्य मा.वच्चा राउत अहिर ज्यू लगायत यस सभामा पाल्नु भएका अतिथी ज्यूहरु, वडाध्यक्षज्यूहरु, गाउँकार्यपालिकाका सम्पुर्ण सदस्य ज्यूहरु साथै निर्वाचित महिला, दलित, खुला सदस्य ज्यूहरु, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यू, सबै शाखाका कर्मचारी ज्यूहरु, उपस्थित शिक्षक ज्यूहरु, स्वास्थ्य कर्मी ज्यूहरु तथा पत्रकार, सुरक्षाकर्मी लगायत जनअभिमतवाट सेवा प्रदान गर्ने अवसर दिनुभएका सम्पुर्ण सुवर्णबासीहरुलाई बिशेष नमनका साथै सबैमा मेरो हार्दिक अभिवादन ।

**सभा अध्यक्ष महोदय,**

म अब सुवर्ण गाउँपालिकाको आर्थिक वर्ष ०७९/०८० को निति, वजेट तथा कार्यक्रम प्रस्तुत गर्न आज्ञा चाहन्छु ।

सर्वप्रथम म नेपालको बिभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक/लोकतान्त्रिक आन्दोलन, ऐतिहासिक अधिकार प्राप्तीको लागि भएका तराई मधेश आन्दोलन तथा विभिन्न जनताको अधिकार प्राप्तिको लागि आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धासुमन तथा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । ति महान आन्दोलनमा नेतुत्व तथा योगदान गर्नु हुने हाम्रा अग्रज तथा सम्पूर्ण दिदीवहिनी तथा दाजुभाईहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

ऐतिहसिक, धार्मिक, भौगोलिक, राजनीतिक, पर्यटकिय एवम विविध दृष्टिकोणले महत्व राख्ने यस बारा जिल्ला अन्तरर्गतको सुवर्ण गाँउ कार्यपालिकाको नवौ गाँउसभा समारोहमा उपस्थित सम्पूर्ण गाउँसभा सदस्य ज्युहरुमा हार्दिक कृतज्ञता जाहेर गर्दै आ.व.२०७९/०८० को बार्षिक निति तथा कार्यक्रम, राजश्व अनुमानको आय-ब्यय तथा बजेट प्रस्तुत गर्न पाँउदा म आफुलाई गौरवान्वित ठानिरहेको छु ।

नव निर्वाचित जन प्रतिनिधिज्यूहरुको दोस्रो गौरवशाली कार्यकालको शुभारम्भ नवौं गाउँसभाबाट भएको ऐतिहासिक गाउँसभाको बार्षिक निति तथा कार्यक्रम तर्जुमा

गर्दा विगतका गाउँसभाको अनुभव,स्थानीय राजनितिक दल, नागरिक समाज, अर्थविद्ध, बुद्धिजीवीहरुको सल्लाह, सुझाव  र परामर्श लिनुका साथै नेपालको संविधान २०७२, स्थानिय सरकार संचालन ऐन २०७४ , नेपाल सरकार तथा मधेश प्रदेश सरकारले निर्दिष्ट गरेको निति, आर्थिक कार्यविधि ऐन-२०५५ तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त निति निर्देशन, पन्ध्रौं आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, "समृद्ध नेपाल सुखि नेपाली" को आकाङ्क्षा, सार्वजनिक खर्चको मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, आ.व. २०७९/०८० को केन्द्रीय र प्रादेशिक बजेट व्यक्तव्य आदिको अधिनमा रहि तयार भएको निति बजेट तथा कार्यक्रम पेश गरेको छु ।

विगतका गाँउसभाले अगिंकार गरेको नीति तथा कार्यक्रमको सुव्यस्थित कार्यान्वयनबाट प्राप्त उपलब्धीको जगमा टेकेर सुवर्ण गाँउपालिकाको विकास र समृद्धिको यात्रालाई तिब्रता दिने मार्गमा सबै राजनैतिक दल, जनप्रतिनिधी, कर्मचारी तथा संघ संस्था र आम नागरिकको सहयोग र ऐक्यवद्धताले 'चुनौतीहरुलाई परास्थ गरेको प्रत्यक्ष अनुभूति आम जनमानसमा गराएको र भविष्यमा आइपर्ने समस्या र चुनौतिहरु समेत सबैको सहकार्य र समन्वयले सामना गर्न सकिन्छ भन्ने हाम्रो जन निर्वाचित स्थानीय सरकारको दृढ विश्वास रहेको छ ।

गाउँपालिका क्षेत्रमा कार्यरत सबै कर्मचारीहरुले आ-आफ्नो कार्यक्षेत्रमा पुरयाएको योगदान प्रति हार्दिक आभार प्रकट गर्दै भविष्यमा समेत उच्च कोटीको योगदानको अपेक्षा  यस गाँउपालिकाले गरेको छ ।

## सुवर्ण गाउँपालिकाको संक्षिप्त परिचय

नेपाल एकात्मक तथा केन्द्रिकृत शासन व्यवस्थाबाट संघिय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको र सो संघीय व्यवस्था अनुरुप नेपालमा संघ, प्रदेश र स्थानिय तहको गठन भएको हो, जसमा बारा जिल्लामा १६ स्थानिय तहको गठन भएको हो । नेपाली काँग्रेसका संस्थापक नेता तथा कवहीगोठका राजा सुवर्ण शम्सेर ज.ब.रा.को नाउँबाट नामाकरण गरिएको यस सुवर्ण गाउँपालिका मधेश प्रदेशको बारा जिल्लामा अवस्थित रहेको छ । कुल ३६.८४ वर्ग कि.मी को क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको हालको कुल जनसंख्या ३५,८७५रहेकोमा पुरुष १८,५२८(५१.६%) र महिला १७,३४७(४८.४%)(आ.व.२०७८ को जनगणना अनुसार)  रहेको छ ।। स्थानीयवासीहरुलाई सर्वसूलभ ढंगले सेवा उपलब्ध गराउन यो गाउँपालिकालाई जम्मा ८ वटा वडामा विभाजन गरिएको छ । साविकमा कबहीगोठ, बडकीफुलवरीया, बगही, प्रशुरामपुर,

मझरिया र हर्दिया गा.वि.स.लाई समावेश गरि यो गाउँपालिकाको स्थापना गरिएको हो । पुर्वमा पचरौता नगरपालिका, पश्चिममा देवताल गाउँपालिका, उत्तरमा महागढिमाई नगरपालिका र दक्षिणमा मित्र राष्ट्र भारतको बिहार राज्यको सिमाना रहेका छन् ।

अध्यक्ष महोदय,

अब म गाउँपालिकाको निति तथा कार्यक्रम तर्फ सबैको ध्यान आकर्षण गराउन चाहन्छु ।

## नीति तथा कार्यक्रम

(क) आर्थिक विकासः-

१.यसै आ.व.०७९/०८० को श्रावण महिना देखी गाउँपालिका भित्र बसोबास गर्ने **कृषकहरुबाट खेति गर्नको लागि कृषी मिटरमा खपत हुने बिधुतको रकम गाउँपालिकाबाट भुक्तानी गर्ने व्यवस्था गरिने छ ।** सो को लागि विद्युत प्राधिकरणको समन्वय र सहकार्यबाट आवश्यक प्रक्रियाको थालनी तथा मिटर रिडर लगायत आवश्यक जनशक्तिको समेत गाउँपालिकाबाट व्यवस्था गरिने छ ।

२. कृषि उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै वर्ष भरि पानी चल्ने कुलो, सिँचाई, विद्युतिय माध्यमबाट हुने सिँचाइ, मलखाद, बीउ विजनको समयमै उपलब्धताको लागि सेवा प्रदायक संस्थासँग आवश्यक सहकार्य गरिनेछ । कृषि तथा पशुजन्य उत्पादनमा लागेका कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । कृषि सडकको निर्माण तथा कृषि विद्युतिकरण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । कृषि तथा पशु क्षेत्रमा पकेट कार्यक्रमलाई थप व्यस्थित तरिकाले संचालन गरी उच्चतम प्रतिफल प्राप्तिको साथै धेरै भन्दा धेरै व्यक्ति लाभान्वित हुने गरी कार्यक्रम संचालन गरिनेछ।

३. आर्थिक विकासको महत्वपूर्ण आधार आर्थिक क्रियाकलाप हो । कृषि तथा अन्य गैर कृषि जन्य उत्पादन बृद्धि गर्न विषादि मुक्त प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरी आर्थिक तथा वित्तिय कारोबारहरुलाई व्यवस्थित एवं अनुशासित बनाउँदै यस क्षेत्रको उच्च आर्थिक बृद्धि हासिल गर्ने नीति लिईनेछ । **गाउँपालिका भित्र बसोबास गर्ने किसानहरुले पालन गरेका गाई, भैसीहरुको लागी गाउँपालिकाबाट निःशुल्क बिमाको शुरुवात क्रमशः यसै आ.व.देखी शुरु गरिने छ ।**

४. गाउँपालिका क्षेत्रमा वैंक तथा वित्तिय संस्थाहरु सञ्चालनमा आइसकेको तथा गरिवी निवारण कोष र मेडपा जस्तो कार्यक्रम कार्यन्यवन भइरहेको अवस्थामा गाउँ स्तरमा विभिन्न संमुह मार्फत

वचत गर्ने, वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ । बैकिङ्ग तथा वित्तिय क्षेत्रको सुव्यवस्थित विकास र विस्तार गरिनेछ ।

५.सहकारी नीति मार्फत सहकारी संस्थाको नियमन गरिनेछ । सहकारी सम्बन्धी कानुनको प्रभावकारी कार्यन्वयन गरिनेछ । सहकारी मार्फत मलखाद विउ विजन आदिको सहज उपलब्धता गराउने नीति प्रभावकारी रुपले अगाडी वढाइने छ ।सहकारीमा लागेका व्यक्तिको समुहलाई प्रोत्साहित गरिने कार्यक्रम अगाडी वढाइने छ ।

६. आजको एक्काईसौ शताब्दी सूचना र सञ्चारको युग हो । सूचना प्रविधिको क्रमिक विकास विना कुनै पनि विकास क्षेत्रको समृद्धिको परिकल्पना गर्न सकिँदैन । सञ्चार क्षेत्रको विकासका लागि प्रत्येक वडामा क्रमशः ईन्टरनेट सेवा विस्तार गर्नुका साथै नेपाल टेलिकम तथा अन्य सञ्चार सम्बद्ध संस्थाहरुसँग आवश्यक सहकार्य गरी यस क्षेत्रको सञ्चार सेवाको गुणस्तरमा सुधार गरिने छ । सुचनाको हकलाई पुर्ण रुपमा पालना गरिने छ । विंद्यालय तथा स्वास्थ्य संस्थामा ईन्टरनेट सेवा विस्तार गरिनेछ। गाउँपालिकालाई free wi-fi- zone को एउटै Basket Rural Municipality अवधारण अवलम्वन गरिनेछ।

**(ख) सामाजिक तथा साँस्कृतिक विकास तर्फः-**

७. यस गाउँपालिकामा बिधमान रहेका सुकुम्बासी सम्वन्धी समस्याको समाधान गर्नको लागि यसै आ.व. भित्रमा "राष्ट्रिय भुमी आयोग" संग सम्झौता गरि भुमी सम्वन्धी समस्यालाई समाधान गर्ने पहल गरिने छ ।

८. सीप युक्त शिक्षाका लागि प्राविधिक तथा व्यवसायिक शिक्षालाई क्रमशः विस्तार गरिनेछ । शिक्षा क्षेत्रको आर्कषण र साख वृद्धि गर्न वालवालिकाको पढाई वृद्धि गर्ने र शिक्षकको सीप र क्षमता वृद्धि गरिने कार्यक्रम लागु गरिनेछ । विद्यालयहरुलाई क्रमशः वालमैत्री विद्यालयको रुपमा विकास गर्दै लगिने छ । कक्षा ९ र १० मा अध्यनरत्त बिधार्थीहरुको पढाइको मुल्याङकन गरि थप छात्रबृतीको ब्यवस्था गरिने छ ।साथै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमका् पढाईको सुरु गर्न आवश्यक कार्यकमहरु अगाडी वढाइने छ। विद्यालयको अनुगमन निरिक्षण तथा सुपरिवेक्षणलाई तिव्र पारिने छ । बिधालयमा बिधमान रहेको सुचना व्यवस्थापन प्रणाली (IEMIS) लाई थप व्यवस्थित गर्दै लगिनेछ । पालिका भित्रका शिक्षक तथा कर्मचारीहरुको पदस्थापन लगायत उपयुक्त स्थानमा सरुवा तथा दरवन्दी मिलान गरिनेछ ।

CamScanner

९. उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न युवालाई छोटो र लामो अवधिको तालिम दिइनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम तथा गाँउपालिकाबाट संचालित अन्य रोजगार कार्यक्रमको माध्यमबाट रोजगारी सिर्जना गरिनेछ । स्वस्थ्य, अनुशासित तथा सिर्जनशिल युवा शक्ति उत्पादन गर्न खेलकुद क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधारको विकास गरिनेछ । गाँउपालिका स्तरीय युवाहरुको रुची अनुसार खेलकुद प्रतियोगिता संचालन गरिने छ ।

१०.प्रत्येक बर्ष झै कवही क्रिकेट ग्राउण्डमा संचालन हुने "मेयर कप" लाई परिमार्जन गरी "सुवर्ण कप" नामाकरण गरिएको छ । "सुवर्ण कप नकआउट क्रिकेट प्रतियोगिता" संचालनको लागि आवश्यक बजेटको बिनियोजन गरिने छ । गाउँपालिका भित्रका युवाहरुको अतिरिक्त कियाकलाप संचालन तथा प्रोत्साहनको लागि कवहिगोठ स्थित सामुदायिक भवनको माथिल्लो तल्लामा संचालन हुने गरि जिम हाँलको व्यवस्थापंनको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

११. वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु तथा ग्रामिण स्वास्थ्य कार्यकर्ताहरुको परिचालनमा प्रभावकारिता अभिवृद्धि गरिनेछ । यस क्षेत्र भित्र रहेका हर्दिया वर्थिङ सेन्टर तथा कवहीगोठ वर्थिङ सेन्टरबाट प्रवाह हुने सेवाहरुलाई अझ थप प्रभावकारी बनाउनुका साथै यसै आ.व. भित्रमा हर्दिया स्वास्थ्य केन्द्रमा २४ सै घण्टा ईमरजेन्सी सेवाको शुरुवात गरिने छ । हरेक स्वास्थ्य संस्थाबाट प्रदान गरिने प्राथमिक उपचारको सेवा तथा नेपाल सरकारबाट निःशुल्क वितरण गरिने औषधीको उपलब्धतामा उल्लेखनिय सुधार ल्याई आम जनमानसमा परिवर्तनको प्रत्यक्ष अनुभूति गराइनेछ । कवहीगोठ तथा हर्दिया स्वास्थय केन्द्रबाट आधुनिक किसिमको ल्याब सेवा तथा भिडियो एक्सरे सहितको सेवा यसै वर्षदेखि अनिवार्य संचालनमा ल्याइनेछ ।

१२. लैगिंक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई अगिंकार गरिनेछ । संघीय सरकार मार्फत सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने व्यक्तिहरुको सामाजिक सुरक्षा रकम बैकिंङ्ग प्रणालीमार्फत वितरण गर्ने कार्यलाई थप सुदृढिकरण गर्दै समयमा नै उपलब्ध हुने व्यवस्था मिलाइनेछ । अशंक्त, अति अशक्त लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भता प्राप्तिमा आवश्यक सेवा प्रदायक संस्थासँग समन्वय गरि सहज उपलब्धताको वातावरण तयार गरिनेछ । अपाङ्गमैत्री सार्वजनिक भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ । गाउँपालिका भित्र बसोबास गर्ने निमुखा, गरिब, दलित, भुमिहिन,असहाय तथा दिर्घ

रोगी तथा महारोगीहरुको उपचारको लागि अवस्थाको मुल्याङ्कन गरि उचित राहत तथा अनुदानको व्यवस्था मिलाईने छ ।

१३. न्यायिक समितिलाई थप प्रभावकारी बनाउन आवश्यक रणनितीहरु तय गरिने छ। सामाजिक तथा सांस्कृतिक विविधता युक्त यस क्षेत्रमा सह-अस्तित्वको आधारमा स्वस्थ सामाजिक सम्बन्ध विकास गर्न सबै प्रकारका सामाजिक भेदभावको अन्त्य गरी समावेशीकरणको माध्यमबाट समानता र सामाजिक न्याय कायम गरिने छ । गाउँपालिका तथा वडा कार्यालय संचालन र व्यवस्थापनको लागि आवश्यक पर्ने जनशक्तिको पहिचान गरी हाँल बिधमान रहेको पदसोपान, संगठनात्मक संरचना तथा करार दरबन्दीका कर्मचारीहरुको पुनरावलोकन गरिनेछ ।

१४. स्थानिय, प्रदेश तथा संघिय सरकारको समन्वय र सहकार्यमा धार्मिक, ऐतिहासिक, सामाजिक-सांस्कृतिक तथा पर्यावरणीय महत्वका मठ मन्दिर, मस्जिद, नदि नाला पोखरी आदिको उचित संरक्षण एवम् सम्वर्धन गर्ने कार्यक्रमहरु ल्याईनेछ ।

१५. गाउँपालिकालाई सफा र सून्दर गाउँपालिकाको रुपमा विकास गर्न सरसफाईसँग सम्बन्धित विभिन्न जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । स्वच्छ खानेपानी सेवालाई पुर्ण प्रभावकारी बनाउन थप बजेटको व्यवस्था गरिने छ ।

## भौतिक पूर्वाधार तर्फ :-

१६. गाउँपालिका भित्रमा बसोबास गर्ने डोम समुदायका व्यक्तिहरुका लागी घरपरिवारहरुको लगत संकलन गरि उक्त संमुदायहरुका घरपरिवारहरुको उचित बसोबासको लागि "सुवर्ण आवास योजना" अन्तर्गत घर निर्माणको कार्यलाई अगाडी बढाईने छ ।

१७. यस आ.व. भित्र सबै टोल क्षेत्रबाट गाउँपालिकाको केन्द्र र सदरमुकाम सम्म पहुच हुने गरी सडकको केही भाग मर्मत, पिच, केही भागमा ढलान (पक्की) र ग्रेभल समेत गरिने छ । साथै सडकको भौतिक स्तरोन्नती तथा निर्माणमा प्रदेश र केन्द्रसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ । गाउँपालिका कार्यालय भवनको निर्माण कार्यलाई द्रुत गतिमा अगाडी बढाईने छ र यसै वर्षबाट संचालनमा ल्याइनेछ।

१८. गाउँपालिकाको भु-उपयोग नीति अन्तर्गत घर निर्माण गर्दा नक्सा पासको व्यवस्थालाई थप व्यवस्थित गरिनेछ । नेपाल सरकारले अगिंकार गरेको भवन सहिंता अनुरुपको भुकम्प प्रतिरोधी तथा वातावरण मैत्री भवन निर्माणमा जोड दिइनेछ ।

१९. गाँउपालिकाको विभिन्न सडकहरु जोडने पुल पुलेसाहरुको निमार्ण गरिनेछ । गाँउपालिकाको थप स्थानमा डोलिडार लगायत अन्य संस्थासँग समन्वय गरी झुलुङ्गे पुल निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ। गाँउपालिका भरि ढल निकासको आवश्यक प्रबन्ध गर्न नाला निर्माणको कार्यलाई प्राथमिकताको साथ अगाडी बढाइने छ । ढल व्यवस्थापनको लागि सम्बन्धित तालुक मन्त्रालयहरुमा आवश्यक पहल गरिने छ ।

## वातावरण तथा विपद व्यवस्थापन तर्फ :-

२०. जलवायु परिवर्तन विश्वको साझा चुनौतिको रुपमा रहेको यर्थाथलाई मध्य नजर गरी वृक्षारोपण कार्यक्रम जस्ता जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ । जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न स्थानिय, प्रादेशिक तथा केन्द्रिय निकायसँग आवश्यक सहकार्य गरि अगाडि बढ्ने नीति अख्तियार गरिनेछ । गाउँपालिकाद्धारा विभिन्न ठाउँमा गरिएको वृक्षारोपणको उचित सरंक्षण तथा रेखदेखको लागि वडामा हेरालुको व्यवस्था गर्नुका साथै आवश्यक जनशक्तिको समेतको व्यवस्था गरिने छ ।

२१. विपद व्यस्थापन कार्यलाई छिटो र छरितो रुपमा अगाडी बढाउने सयंत्रको निर्माण गरिनेछ । विपद व्यवस्थापनका पुर्व तयारीका कार्य तथा विपद पछिका कार्यमा क्षमता अभिबृद्धि गरिनेछ । विपद व्यवस्थापनमा सहयोग गर्ने जनशक्ति स्थानीय तहबाट प्राप्तिमा जोड दिइनेछ । साथै निजहरुको क्षमता विकास र सीप अभिवृद्धि गरिने तालिम लगायतको व्यवस्था गरिनेछ । विपद व्यवस्थापनमा गाँउपालिकाको नगर प्रहरीहरुको क्षमता अभिवृद्धि गरि सक्षम बनाउदै लगिने छ । गाउँपालिकाको बिपद व्यवस्थापन समितिलाई सक्रिय तुल्याईने छ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ :-

२२. यस गाउँ कार्यपालिकाको कार्यालयले आफु र आफ्नो मातहतका कार्यालयहरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिंता, भ्रष्टाचार निवारण लगायतका कार्यहरु मार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ । आर्थिक क्षेत्रमा पनि मितव्ययीतता र औचित्यतालाई मध्यनजर गरी आर्थिक कारोवार गरिनेछ। गाउपालिकाबाट उपलब्ध हुने ईन्धन सुबिधाको लागि कार्यबिधी बनाईने छ ।

२३. यस गाउँपालिका तथा अन्तर्गतका कार्यालयमा काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्ने वातावरण सृजना गरिनेछ । कर्मचारीहरुको वृत्ति विकास गर्ने आवश्यक कार्यक्रमहरु सञ्चालन

गरिनेछ । कानुनको शासन, पारदर्शितालाई मध्यनजर गर्दै सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाई आफनो काम र जिम्मेवारी प्रति जवाफदेही र जनमुखी बनाईनेछ । गाउपालिका अध्यक्ष र उपाध्यक्षको चुस्त, दुरुस्त कार्य संचालनको लागी सचिवालय गठनको ब्यवस्था मिलाईनेछ ।गाउपालिकस्तरमा प्रत्येक महिनाको अन्तमा सर्वसाधारण जनताको गुनासो सुन्नको लागि जनता दरबारको ब्यवस्था मिलाईने छ ।

२४. यस क्षेत्रको आन्तरिक साधन स्रोतको पहिचान गरिनेछ । राजश्वको दर भन्दा दायरामा जोड दिई आन्तरिक आय अभिबृद्धि गर्ने नीति लिईनेछ । राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणमा जोड दिइनेछ । गाउँपालिकाबाट उठाउदै आएका करहरुमा ब्यापक कटौती गरिने छ ।

२५. विनियोजित बजेट खर्चको कार्य प्रगतिको आधारमा उत्कृष्ट वडा घोषणा गरि पुरस्कार र प्रोत्साहनको नीति लिइने छ।

२६. नेपालको संविधान-२०७२ को अनुसुचि-८ स्थानीय तहको एकल अधिकार र अनुसुचि-९ संघ, प्रदेश र स्थानीय तहको संयुक्त अधिकार अन्तर्गत यस गाउँपालिकालाई प्रभावकारी रुपमा कार्य संचालनका लागि आवश्यक नितीगत ऐन, कार्यविधि, नियम, नियमावली र निर्देशिका बनाउदै अगाडी बढने नीती लिइनेछ ।

**सभा अध्यक्ष ज्यु,**

म अब गत आ.व. ०७८।०७९ को आय व्यय प्रस्तुत गर्न चाहन्छु ।

संशोधित कुल बजेट रु.४८ करोड १७ लाख ७१ हजार ८ सय ९९ रुपैंया पैसा ९२ विनियोजन गरिएकोमा चालु तर्फ रु. २८ करोड ६२ लाख २१ हजार ९ सय ८३ रुपैंया पैसा १२ र पुँजिगत तर्फ रु.१९ करोड ५५ लाख ४९ हजार ९ सय १६ रुपैंया पैसा ८० मात्र रहेको थियो । जस मध्ये चालु र पुँजिगत तर्फ खर्च (अनुमानित) भई कुल रु.१ करोड मौजदात भई चालु आ.ब.०७९/०८० मा सारिएको छ ।

सभा अध्यक्ष महोदय,

म अब आ.व. ०७९।०८० को बजेट प्रस्तुत गर्न चाहन्छु ।

CamScanner

आ.व.२०७९।०८० मा यस गाउँपालिकामा संघिय वित्तीय समानीकरण तर्फ रकम रु. ११ करोड ५१ लाख , संघिय राजश्व बाँडफाँड तर्फ रकम रु.८ करोड ५३ लाख ४० हजार, संघिय सर्शत अनुदान तर्फ रु.१६ करोड ७२ लाख , संघिय समपुरक अनुदान रु ८० लाख, आन्तरिक राजश्व तर्फ रु.६५ लाख ७१ हजार, १ सय , गत बर्षको नगद मौजदात तर्फ रु.१ करोड, प्रदेश वित्तीय समानीकरण तर्फ रकम रु. ८१ लाख १७ हजार, प्रदेश विशेष अनुदान तर्फ रु ३० लाख र प्रदेश समपुरक अनुदान रु २० लाख समेत गरी यस आ.व.को कुल बजेट रकम रु.४० करोड ५३ लाख २८ हजार १ सय प्रस्ताव गरेको छु। आयको विवरण अनुसुचि १ मा राखिएको छ। आन्तरिक आयको विवरण अनुसुचि २ मा राखिएको छ।

कुल बजेट मध्ये चालु र पुँजिगत खर्च बजेट वक्तव्यको अनुसूचि ३ मा राखिएको छ।

नोटः- ( सामाजिक सुरक्षाको आय र व्यय यस शिर्षकमा समावेश गरिएको छैन। )

अन्त्यमा,

यस नीति, बजेट तथा कार्यक्रम तर्जुमा मा प्रत्यक्ष, अप्रत्यक्ष मार्गदर्शन तथा सहयोग गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीवी, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार लगायत अन्य सबैमा हार्दिक आभार प्रकट गर्दछु। गाउँको चौतर्फी विकास र सम्वृद्धीको अभियानमा निरन्तर सदभाव र सहयोग पुर्याउने आम गाउँवासी, करदाता, विकास साझेदार, सरकारी तथा गैरसरकारी संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको सहयोगको अपेक्षा गरेको छु।

।।। धन्यवाद ।।।

..............

पुनम कुमारी
गाउँपालिका उपाध्यक्ष
सुवर्ण गाउँपालिका

CS CamScanner

## अनुसूचि १

आर्थिक वर्ष २०७९/०८० अनुमानित आय तर्फ

| क्र.स. | अनुदान शिर्षक | आ.व. २०७७/०७८ को अनुमान | आ.व. २०७७/०७८ को यथार्थ | आ.व. २०७८/०७९ को लक्ष्य | आ.व. २०७८/०७९ को वास्तविक | आ.व. २०७९/०८० को लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक आम्दानी | २०,००,०००।०० | ५७,२३,१७१।०० | ६३,४१,०००।०० | १४,००,०००। | ६५,७१,१००।०० |
| २ | नेपाल सरकारबाट प्राप्त अनुदानः | | | | | |
| | क) शशर्त अनुदान | १४,८१,००,०००।०० | १६,५३,८२,८१०।०० | १४,३७,६०,०००।०० | १४,३७,६०,०००।०० | १६,७२,००,०००।०० |
| | ख) वित्तिय समानिकरण अनुदान | १०,४१,००,०००।०० | १०,४१,००,०००।०० | १०,८९,००,०००।०० | १०,८९,००,०००।०० | ११,५१,००,०००।०० |
| | ग) राजश्व बाँडफाँड | ६,९९,५५,६९०।०० | ६,९९,५५,६९०।०० | ७,०४,४८,०००।०० | ७,०४,४८,०००।०० | ८,५३,४०,०००।०० |
| | घ) समपुरक अनुदान | | | ८३,००,०००।०० | ८३,००,०००।०० | ८०,००,०००।०० |
| ३ | वहुक्षेत्रिय पोषण कार्यक्रम | १५,००,०००।०० | १५,००,०००।०० | २६,५५,०००।०० | २६,५५,०००।०० | |
| ४ | प्रदेश सरकारवाट प्राप्त | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुदानः | | | | | |
| | क) वित्तीय समानीकरण अनुदान | ७१,६८,०००।०० | ७१,६८,०००।०० | ७३,२६,०००।०० | ७३,२६,०००।०० | ८१,१७,०००।०० |
| | ख) सशर्त अनुदान | ८०,००,०००।०० | ८०,००,०००।०० | | ३०,००,०००।०० | |
| | ग) विशेष अनुदान | ३०,००,०००।०० | ३०,००,०००।०० | ३०,००,०००।०० | ३०,००,०००।०० | ३०,००,०००।०० |
| | घ) समपुरक अनुदान | २०,००,०००।०० | २०,००,०००।०० | २०,००,०००।०० | २०,००,०००।०० | २०,००,०००।०० |
| ५. | गत वर्ष को अ.ल्या. | २,००,००,०००।०० | १४,२६,२५,००२।७३ | ५०,००,०००।०० | | १,००,००,०००।०० |
| ६. | जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान | | | ५०,००,०००।०० | ५०,००,०००।०० | |
| | जम्मा | ३६,५८,२३,६९०।०० | | | | ४०,५३,२८,१००।०० |

## अनुसूचि २

### आ.ब. ०७९/०८० को अनुमानित आन्तरिक आयको विवरण :

| राजश्व शिर्षक नं. | राजश्व शिर्षक | आ.व.२०७७/०७८ को वास्तविक | आ.व.२०७८/०७९ अनुमान | आ.व.२०७८/०७९ को वास्तविक | आ.व.२०७९/०८० को अनुमान | आ.व.२०८०/०८१ को अनुमान |
|---|---|---|---|---|---|---|
| ११३१४ | मालपोत कर | ३,००,०००।०० | ३,००,०००।०० | | ३,५०,०००।०० | |
| ११३२१ | घर बहाल कर | ९,८४०।०० | २०,०००।०० | | १,००,०००।०० | |
| ११३२२ | बहाल बिटौरी कर | ४०,००,०००।०० | ५०,००,०००।०० | | ५०,००,०००।०० | |
| ११४७९ | अन्य मरोन्जन कर | ०० | १,०००।०० | | १,०००।०० | |
| १४२१९ | अन्य सेवा शुल्क तथा विकी | ७,००,०००।०० | १०,००,०००।०० | | ११,००,०००।०० | |
| १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | १,००,०००।०० | २०,०००।०० | | २०,०००।०० | |
| जम्मा | | | ६३,४१,०००।०० | १४,००,०००।०० | ६५,७१,१००।०० | ७०,००,०००।०० |

**सुवर्ण गाउँपालिकाको आर्थिक बर्ष २०७९/२०८०को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक**

**प्रस्तावना:** सुवर्ण गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम सुवर्ण गाउँ सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्तनामर प्रारम्भ:** (१)यस ऐनको नाम "सुवर्ण गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार:** (१)आर्थिकवर्ष २०७९।०८० को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४०,५३,२८,१०० ।(अक्षेरुपी चालिस करोड त्रिपन्न लाख अठाइस हजार एक सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८०को निमित्त सुवर्ण गाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीयव्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

CamScanner

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँकार्यपालिका | | | | |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगतशाखा | | | | |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | | | | | |

**विशेष निर्णयहरु - आ.बा.०७९/०८०को गाउँ सभाबाट पारित विशेष निर्णयहरु -**

१) गत आ.व २०७८/०७९को विनियोजित बजेटमा कार्यपालिकाबाट नितिगत,प्रक्रियागत र कार्यकारी निर्णय बमोजिम योजना परिवर्तनमा भएको खर्च,प्रकोप व्यवस्थापन खर्च तथा अन्य सम्पुर्ण खर्चहरु आ.व. ०७९/८० को गाउँ सभाबाट अनमोदन तथा समर्थन गर्ने निर्णय गरियो ।

२) यस सभा बाट स्विकृत भएको योजना तथा कार्यक्रमहरुमा २(दुई) प्रतिशत कन्टिजेन्सी कट्टा गरि योजना तथा कार्यक्रमको गुणस्तरीयता तथा प्रभावकारिता र उपभोक्ता समिति, कर्मचारीहरुको क्षमता विकास तथा अन्य आवश्यक शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

३) आर्थिक बर्ष ०७९/०८० मा थप रकम प्राप्त हुन आएमा कार्यपालिकाको निर्णयानुसार कार्यक्रम स्विकृत गरी पछि हुने गाउँ सभाबाट अनुमोदन हुने गरी खर्च गर्न सकिने निर्णय गरियो ।

४) गाउँपालिकाको कार्यालय प्रयोजनको लागि १(एक) थान चार पाङ्ग्रे सवारी भाडामा लिने निर्णय गरियो ।

५) भैपरी आउने चालु र पुँजिगत रकम बाट खर्च गर्नु परेमा वडा अध्यक्षको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम गर्ने तथा गा.पा. स्तरीय प्रयोजनको लागि कार्यपालिकाको निर्णय बमोजिम गर्ने निर्णय गरियो।

६) सशर्त अनुदानको कार्यक्रम पछि प्राप्त भए कार्यपालिकाको स्विकृतिमा संचालन गर्न सकिने निर्णय गरियो ।

७) योजना तथा कार्यक्रम संचालन गर्ने क्रममा कुनै बाधा अवरोध भएमा कानून बमोजिम कार्यापालिकाको निर्णय बमोजिम संचालन गर्ने निर्णय गरियो ।

८) गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई प्रोतसाहित गर्न आवश्यक निर्णय कार्यपालिकाबाट गर्न सक्ने निर्णय गरियो । गाउँपालिकाको आन्तरिक स्रोतबाट तथा कनटेजेन्सिबाट प्राप्त रकम आवश्यकता अनुसार कार्यपालिकाबाट निर्णय गरि कार्यको अधारमा कर्मचारीलाई आवश्यक २५% बाट नबढने गरी प्रतिशतमा प्रोत्साहन दिन सकिने निर्णय गरियो ।

९) उपभोक्ता समितिबाट काम गराउदा १०(दश) प्रतिशत जन श्रमदान वा नगद अनुदान दिने निर्णय गरियो र साथै उपभोक्ता समितिलाई थप जिमेवार बनाउन बढीमा एक वर्ष सम्म कार्यालयको आवश्यकता अनुसार मर्मत सम्भारको समझौता गर्ने निर्णय गरियो ।

१०) सुवर्ण गा.पा. रिङ रोड निर्माण को लागि आवश्यक बजेट नेपाल सरकार तथा प्रदेश सरकार संग माग गर्ने निर्णय गरियो ।

११) भिविन्न भता दर सम्बन्धमा ;

क) गाउँ सभाको बैठक भता – रु.१०००(एक हजार)

ख) कार्यपालिकाको बैठक भता – रु.१५००/- (एक हजार पाँच सय)

ग) कर्मचारीको बैठक भता – रु.१०००(एक हजार)

घ) वडा समितिको बैठक भता – रु.१०००(एक हजार)

ङ) अन्य समितिहरुको बैठक भता – रु. १०००(एक हजार)

च) योजना अनुगमन तथा अन्य अनुगमन भता – रु.७००(सात सय)

भता सम्बन्धी व्यवस्था अन्य कुनै कानुनमा लेखेको भए सोही बमोजिम हुनेछ ।

१२) यस गाउँपालिका भित्रका योजनाहरु संचालग गर्दा कुनै टेन्डर प्रक्रिया, कुनै कोटेशन प्रक्रिया, कुनै उपभोक्ता समिति मार्फत ,आदि विधिबाट संचालन गर्न सक्ने निर्णय गरियो ।

CamScanner

१३) कुनै विशेष योजना संचालन गर्न गाउँपालिकाले निर्णय गरेको खण्डमा सोही बमोजिम संचालन गर्ने निर्णय गरियो ।

१४) करार कर्मचारीको म्याद आ.व. ०७९/०८० को लागि थप्ने तथा सो कर्मचारीहरुको तलब तथा अन्य सुबिधा सम्बन्धमा कार्यपालिकाको निर्णय बमोजिम प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

१५) यस गाउँपालिका भित्रका ऐलानि जग्गा व्यवस्थित गर्न कार्यपालिकाले नियमावली बनाई नियमानुसार व्यवस्थित गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

१६) यस गाउँपालिकालाई आवश्यक पर्ने कर्मचारीको पदपूर्ति गर्न कार्यपालिकाले निर्णय गरे बमोजिम गर्ने निर्णय गरियो ।

१७) यस सुवर्ण गाउँपालिका अन्तर्गत सम्पूर्ण वडाहरुको मालपोत संकलन यस सुवर्ण गाउँपालिकाको कार्यालयबाट मात्र संचालन गर्ने निर्णय गरियो तथा आवशयकता अनुसार वडामा पानि सेवा विस्तार गर्ने निर्णय गरियो ।

१८) यस सुवर्ण गाउँपालिकाले कार्यालय प्रयोजन,आवास प्रयोजनको लागि लिएको घर भाडा यसै सभाबाट निरन्तरता दिने निर्णय गरियो साथै आवश्यक्ता अनुसार कार्यालय,वडा कार्यालय प्रयोजनको लागि थप घर भडा लिने निर्णय गरियो ।

१९) आ.व. २०७८/०७९ को विनियोजित बजेटमा काम समपन्न नभएको योजना तथा कार्यक्रमहरु गाउँ कार्यपालिकाको पहिलो/दोस्रो कार्यपालिका बैठकले निर्णय गरे बमोजिम आ.ब ०७९/०८०मा पनि निरन्तरता दिने निर्णय गरियो । तर सो को आवश्यता निर्धारण नियमानुसार कार्यपालिकाले गरे बमोजिम गर्ने निर्णय गरियो ।

२०) सुवर्ण गाउँपालिका स्थित सम्पुर्ण पोखरीहरुको व्यवस्थापन अन्तर्गत मर्मत सुधार, आवश्यक्ता अनुसार म्याद थप, ठेक्का पटा आदी नियमानुसार गर्ने निर्णय गरियो ।

२१) केन्द्र वा प्रदेशबाट लागत साझेदारमा करारमा कर्मचारी राख्ने निर्देशन बमोजिम लागत व्यहोर्ने निर्णय गरियो ।

२२) आ.बा.०७८/०७९को विनियोजित बजेटमा कार्यपालिकाबाट निर्णय भई कार्य संचालन भएका तपसिल बमोजिमको कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

२३) गाउँपालिकामा संचालित भौतिक विकासका योजनामा ल्याब टेस्टको व्यव्सथालाई अनिवार्य रुपमा लागु गर्ने निर्णय गरियो ।

२४) आ.व. २०७८/०७९ को विनियोजित बजेट कार्य सम्पन्न नभई योजना बाडँफाँड गर्नु पर्ने भएमा वा सोही योजना राखनु पर्ने भएमा कार्यपालिकाको पहिलो/दोस्रो बैठकको निर्णय बमोजिम गर्ने निर्णय गरियो ।

२५) आ.व.०७७/०७८ को अन्तिम लेखा परिक्षणमा औंल्याईएका वेरुजुहरु समपरिक्षण तथा फर्छ्यौटको लागि नियमानुसार प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।सो क्रम्मा पेश्की फर्छ्यौट गर्ने कागजातहरु प्राप्त गर्ने, असुल उपर गर्ने तथा बाँकी काम नभएकोमा सो गराउने जस्ता कार्यहरु नियमानुसार कार्यालयले गराउने निर्णय गरियो ।

२६) केन्द्र र प्रदेश सरकारबाट माग गर्ने योजनाहरु कार्यपालिकाको निर्णय बमोजिम आवश्यक्ता अनुसारको योजनाहरु माग गर्ने निर्णय गरियो ।

२७) गाँउपालिकामा कार्यरत नगर प्रहरीहरुको कार्यबोझको आधारमा तथा अतिरिक्त समयमा कार्य गरेको आधारमा राशन खर्चको व्यवस्था गर्न सकने निर्णय गरियो ।

२८) कोरोना माहामारी लगायत अन्य माहामारी रोकथाम तथा नियन्त्रण गर्न गाउँपालिका स्तरिय प्रकोप व्यवस्थापन कोष स्थापना भएकोमा सो मा जम्मा भएको रकम अपुग भएमा वा बढी भएमा कार्यपालिकाको निर्णयानुसार थप घट गर्ने निर्णय गरियो । साथै बढी भएमा सो रकम कार्यपालिकाको निर्णयानुसार विकास निर्माण योजना बनाई खर्च गर्ने र सो खर्च अगामी गाँउ सभा बाट अनुमोदन गराउने निर्णय गरियो ।

नगीना प्र

रामबद्दया

राम किशोर साह

विहस्पती

नारायण महतो

पूनम

हीरा

जयमंगल प्र.

भगमत

प्रमिला

ममताज

फुलक्या

जानकी

मेराज

भरतलाल

Megha

रहो मोहन प्र

Refadi

शिवनाथ प्र.

Raj